जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुगौंली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# आ.व. २०८३/०८४ को पहिलो कार्यपालिका बैठक (मिति २०८४।०४।२६ गते) मा भएको निर्णयहरुको संक्षिप्त विवरण ।

१. जिल्ला प्रशासन कार्यालय, कैलालीले आ.व. २०८३।०८४ को लागि स्वीकृत गरेको जिल्ला दररेटलाई नै आ.व. २०८३।०८४ को जानकी गाउँपालिकाको गाउँपालिका दररेट कायम गर्ने।

२. सङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालयको आ.व. ०८३/०८४ को वस्ती विकास कार्यक्रम अन्तर्गत कैलाली जिल्ला जानकी गाउँपालिकाको जानकी बजारको पुर्वाधार सुधार कार्य कर्यक्रमको लागि जानकी बहुउद्देशीय पार्क निर्माण आयोजना छनौट गर्ने ।

३. घर निर्माण सम्पन्नको प्रमाण पत्र लिन छुट भएका घर धनिहरुले २०८४ साल असार मसान्त सम्ममा घर निर्माण सम्पन्नको प्रमाण पत्र माग गरेमा उपलब्ध गराउने ।

४. सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १२ (क) तथा जानकी गाउँपालिकाको विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९ को दफा ४ बमोजिम विद्यालय समायोजन तथा तह मिलानका आधारहरु पुरा नभएका विद्यालयहरुको व्यवस्थापन गर्ने ।

५. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ज (११) तथा जानकी गाउँपालिकाको विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९ बमोजिम शिक्षक तथा दरबन्दी मिलान गरी प्र.अ. व्यवस्थापन गर्ने ।

६. जानकी गाउँपालिकाको गत आ.व. २०८२।०८३ को समीक्षा गरी जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संघ संस्थाबाट प्रदान गरिएका सेवाहरु गुणस्तरीय, छिटो छरितो, पारदर्शि, नागरिकमैत्रि तथा नतिजामुखि बनाउन जोड दिने निर्णय गरियो।

७. विविध

क)जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा देहाय अनुसार स्थानीय बिदा दिने ।

- २०८३ साल भाद्र २९ गते (अटवारीको भोलिपल्ट) ।
- २०८३ साल असोज ०९ गते – अनन्त चतुर्दशी ब्रत ।

ख)फकली डगौरा थरुनी वादी तथा यस जानकी गाउँपालिकाको कार्यालय, दुगौंली, कैलाली समेतलाई प्रतिवादी बनाईएको मुद्दा नं. ०८२-C४-०१४२ मा यस कार्यालयको तर्फबाट लिखित जवाफ पेश गर्न, तारिखमा रुजु हाजिरी रहन, कानून व्यवसायी नियुक्ति गर्ने लगायत मुद्दाका सम्बन्धमा सम्पूर्ण काम गर्नको लागि जानकी गाउँपालिकाको कार्यालयका सहायक पाँचौ श्री खेम बहादुर कठरियालाई अख्तियारी दिने ।

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत